**बैठक संख्या: १४**

आज मिति २०८१।०३।०७ गतेका दिन शिवराज नगरपालिकाका नगर प्रमुख श्री अजय थापाज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा कार्यपालिकाको बैठक बसी देहायका निर्णयहरु गरियो।

**उपस्थिति**

| | |
|---|---|
| श्री अजय थापा | नगर प्रमुख |
| श्री शिव कुमारी चौधरी | नगर उप प्रमुख |
| श्री खिम विक्रम के.सी. | वडा अध्यक्ष |
| श्री राम बहादुर चौधरी | वडा अध्यक्ष |
| श्री टेकलाल सापकोटा | वडा अध्यक्ष |
| श्री नसिम अहमद खाँ | वडा अध्यक्ष |
| श्री नेत्र प्रसाद बेल्वासे | वडा अध्यक्ष |
| श्री माहेताव आलम खाँ | वडा अध्यक्ष |
| श्री अनुप कुमार चौधरी | वडा अध्यक्ष |
| श्री रिजवान अहमद | वडा अध्यक्ष |
| श्री राम गोपाल चौधरी (थारु) | वडा अध्यक्ष |
| श्री मन्जु मिश्र | वडा अध्यक्ष |
| श्री रमेश्वर प्रसाद वर्मा | वडा अध्यक्ष |
| श्री बुद्धिकला भण्डारी | सदस्य |
| श्री गंगा घर्ती मगर | सदस्य |
| श्री विष्णु कुँवर पाण्डे | सदस्य |
| श्री हेवान्चली चमार | सदस्य |
| श्री खगी सुनार | सदस्य |
| श्री सन्त कुमार धोवी | सदस्य |
| श्री प्रेम बहादुर सुनार | सदस्य |
| श्री सिमरन वि.क. | सदस्य |
| श्री बाबुराम पौडेल | सदस्य-सचिव |

बैठक मिति :२०८१।०३।०७

निर्णयहरु :

१. **आगामी आ.व.२०८१/८२ को बार्षिक नीति तथा कार्यक्रम सम्वन्धमा।**

शिवराज नगरपालिकाको आगामी आर्थिक वर्ष २०८१/८२ को बार्षिक नीति तथा कार्यक्रम सम्वन्धमा छलफल गरी आवश्यक संसोधन र परिमार्जन सहित स्वीकृतीको लागि नगरसभामा पेश गर्ने निर्णय गरियो।

२. **शिवराज नगरपालिकाको आर्थिक विधेयक,२०८१ सम्वन्धमा।**

आगामी आ.व.२०८१/८२ को लागि स्थानीय राजश्वका दर र दायरा समेत निर्धारण गरी स्थानीय राजश्व परामर्श समितिबाट पेश भई आएको शिवराज नगरपालिको आर्थिक विधेयक,२०८१ सम्वन्धमा छलफल गरी आवश्यक संसोधन र परिमार्जन सहित स्वीकृतीको लागि नगरसभामा पेश गर्ने निर्णय गरियो।

३. **शिवराज नगरपालिकाको बिनियोजन विधेयक,२०८१ सम्वन्धमा।**

आगामी आ.व.२०८१/०८२ को लागि शिवराज नगरपालिकाको कुल अनुमानित आय तथा विषयक्षेत्रगत रुपमा प्रक्षेपित व्यय समेत निर्धारण गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेश भई आएको शिवराज नगरपालिकाको बिनियोजन विधेयक,२०८१ सम्वन्धमा छलफल गरी आवश्यक संसोधन र परिमार्जन सहित स्वीकृतीको लागि नगरसभामा पेश गर्ने निर्णय गरियो।

४. **आगामी आ.व.२०८१/८२ को बार्षिक बजेट तथा कार्यक्रम सम्वन्धमा।**

शिवराज नगरपालिकाद्धारा आगामी आ.व.२०८१/८२ मा संचालन हुने आयोजना तथा कार्यक्रम छनौटको लागि बस्ती, टोल, वडा हुँदै प्राथमिकिरणको आधारमा बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेश भई आएको शिवराज नगरपालिकाको आगामी आ.व.२०८१/८२ को बार्षिक बजेट तथा कार्यक्रम सम्वन्धमा छलफल गरी आवश्यक संसोधन र परिमार्जन सहित स्वीकृतीको लागि नगरसभामा पेश गर्ने निर्णय गरियो।

५. **जग्गा प्राप्ती सम्वन्धमा।**

यस नगरपालिका अन्तर्गत वडा नं.५ मा निर्माणाधिन कभर्ड हल लगायत वनक्षेत्र भित्र पर्ने अन्य पूर्वाधार आयोजनाहरुको लागि त्यस्ता आयोजनाहरुले चर्चेको जग्गा लिजमा लिने प्रकृया अगाडी बढाउने निर्णय गरियो।

६. **७ नं. वडा कार्यालयको केन्द्र परिवर्तन सम्वन्धमा।**

यस नगरपालिका अन्तर्गत ७ नं. वडा कार्यालयको प्रशासनीक केन्द्र साविकमा वडा नं.७ को जवाभारीमा रहेकोमा उक्त स्थानमा वडा कार्यालय भवन निर्माणको लागि जग्गा उपलब्ध हुन नसकेको तथा वडा कार्यालय भवन निर्माणको लागि सोही वडाको निबिहवामा रहेको साविक जवाभारी गा.वि.स.वडा नं.७ अन्तर्गत दर्ता कायम रहेको कित्ता नं.६३६, क्षेत्रफल ०-२-१० को जग्गा वडा कार्यालयको नाममा प्राप्ती समेत भई सकेकोले स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ६ को उपदफा (७) बमोजिम उक्त वडाको प्रशासनिक केन्द्र परिवर्तन गरी निविहवा कायम गर्न आगामी नगरसभामा सिफारिस गरी पठाउने निर्णय गरियो।

निर्णय प्रमाणित

आडुराम पौडेल
प्रमुख प्रशासकीय अधिकृत

शिवराज नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चन्द्रौटा,कपिलवस्तु
लुम्बिनी प्रदेश

अजय थापा
नगर प्रमुख

बैठक मिति :२०८१।०३।०७

७. विभिन्न कार्यविधिहरु सम्वन्धमा।

विद्येयक समितिबाट पेश भई आएका देहायबमोजिमका कार्यविधिहरु स्वीकृत गरी लागू गर्ने निर्णय गरियो।

तपसिल :-

- करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्वन्धि कार्यविधि(दोस्रो संसोधन),२०८१
- शिवराज नगरपालिका सचिवालय गठन तथा संचालन कार्यविधि,२०८१
- नगर प्रहरी संचालन तथा व्यवस्थापन(दोस्रो संसोधन) कार्यविधि,२०८१

८. विभिन्न प्रतिवेदन अनुमोदन सम्वन्धमा।

शिवराज नगरपालिकाको सार्वजनिक सेवा प्रवाह र विकास निर्माणका कार्यलाई प्रभावकारी बनाउने प्रयोजनार्थ तयार गरिएका देहायबमोजिमका प्रतिवेदनहरु स्वीकृत गरी कार्यान्वयन गर्ने गराउने निर्णय गरियो।

- शिवराज नगरपालिकाको भू-उपयोग योजना
- शिवराज नगरपालिकाको सडक गुरुयोजना
- शिवराज नगरपालिकाको सिंचाई सम्भाव्यता अध्ययन प्रतिवेदन
- शिवराज नगरपालिको आन्तरिक नियन्त्रण प्रणाली

९. आ.व.२०७९/८० को अन्तिम लेखापरिक्षण प्रतिवेदन सम्वन्धमा।

महालेखा परिक्षकको कार्यालयबाट प्राप्त यस नगरपालिकाको गत आ.व.२०७९/८० को अन्तिम लेखापरिक्षण प्रतिवेदन सम्वन्धमा छलफल गरी प्रतिवेदनले औंल्याएका सुझावहरुलाई सकारात्मक रुपमा ग्रहण गर्दै प्राप्त सुझाव तथा निर्देशनको पालना र कार्यान्वयन गर्ने गराउने निर्णय गरियो।

१०. नगर प्रमुखको भ्रमण आदेश स्वीकृत सम्वन्धमा।

यस नगरपालिकाका नगर प्रमुख श्री अजय थापाज्यूले चालु आर्थिक वर्षमा नगरपालिकाको कामकाजको सिलसिलामा विभिन्न स्थानहरुमा गर्नु भएको भ्रमणहरुको भ्रमण आदेश स्वीकृत गर्ने निर्णय गरियो।

११. कुञ्जविहारी बाल विकास केन्द्रको व्यवस्थापन सम्वन्धमा।

यस नगरपालिकाका अन्तर्गत वडा नं.७ मा स्थापना भई संचालनमा रहेको श्री कुञ्जविहारी बाल विकास केन्द्रको व्यवस्थापन हालसम्म वडा कार्यालय मार्फत हुँदै आईरहेकोमा अव उप्रान्त उक्त बालविकास केन्द्रमा कार्यरत बालविकास सहजकर्ताको पारिश्रमिक लगायत सो को समग्र आर्थिक तथा शैक्षिक व्यवस्थापन नगर कार्यपालिकाको कार्यालयबाट गर्ने निर्णय गरियो।

१२. राष्ट्रिय विभूती पार्क निर्माणको लागि सिफारिस गर्ने सम्वन्धमा।

यस नगरपालिकाका अन्तर्गत वडा नं.१ मा सुरही सामुदायिक वनक्षेत्र भित्र पर्ने पूर्वमा महेन्द्र राजमार्ग, पश्चिममा सुरही नदी, उत्तरमा सामुदायिक वन र दक्षिणमा उमरी गुफा मन्दिर यत्ती चारकिल्ला भित्रको अन्दाजी १० विगाह जग्गामा राष्ट्रिय विभूती पार्क निर्माण गर्ने प्रयोजनार्थ प्रचलित कानून बमोजिम जग्गा प्राप्तीको लागि सम्वन्धित निकायमा सिफारिस गरी पठाउने निर्णय गरियो।

निर्णय प्रमाणित

बाबुराम पौडेल
प्रमुख प्रशासकीय अधिकृत

शिवराज नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चन्द्रौटा,कपिलवस्तु
लुम्बिनी प्रदेश

अजय थापा
नगर प्रमुख

बैठक मिति :२०८१।०३।०७

१३. कपिलवस्तु तिलौराकोट गोल्डकपलाई आर्थिक सहयोग गर्ने सम्वन्धमा।

कपिलवस्तु जिल्लाको तिलौराकोटमा संचालित तिलौराकोट गोल्डकपलाई आर्थिक सहयोग स्वरुप यस नगरपालिको चालु आ.व.२०८०/८१ को वार्षिक स्वीकृत मेयरकप प्रतियोगिता, खेल तथा खेलाडी सहयोग कार्यक्रम र जिल्ला तथा प्रदेश स्तरीय प्रतियोगितामा खेलाडी पठाउँदा सहयोग शिर्षकबाट गरी कुल जम्मा रु.१,५०,०००/- भुक्तानी उपलब्ध गराउने निर्णय गरियो।

१४. निर्णय अनुमोदन सम्वन्धमा।

चालु आ.व.२०८०/८१ को हालसम्म नगर प्रमुख, उप प्रमुख, प्रमुख प्रशासकीय अधिकृत लगायत विभिन्न विषयगत समितिहरुबाट विभिन्न मितिमा भए गरेका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय प्रमाणित

बाबुराम पौडेल
प्रमुख प्रशासकीय अधिकृत

...राज नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
...कपिलवस्तु
लुम्बिनी प्रदेश

अजय थापा
नगर प्रमुख